# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३३ ) काठमाडौं, माघ २ गते २०४० साल ( संख्या ३९

श्री ५ को सरकार

### उद्योग मन्त्रालयको

### सूचना

श्री ५ को सरकारले कम्पनी ऐन, २०२१ को दफा ६ ले दिएको अधिकार प्रयोग गरी कम्पनी दर्ता गर्दा लाग्ने दस्तूर तोकेको सम्बन्धी खण्ड ३१ मिति २०३८।९।१३ संख्या ३७ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचनाको खण्ड (ख) पछि देहायको खण्ड (ग) थप गरेकोले यो सूचना प्रकाशित गरिएको छ ।

"(ग) दर्ता भैसकेका कम्पनीले पूँजी वृद्धि गरेमा

खण्ड (क) र (ख) मा उल्लेखित पूँजीको परिधिभित्र रही तोकिएको दस्तूर दाखिला गरी दर्ता भएका वा सोभन्दा अघि दर्ता भएका कम्पनीहरूले कम्पनी ऐन, २०२१ अन्तर्गत रही पूँजी वृद्धिको माग गरी सम्बन्धित विभागबाट सो माग स्वीकृत भएमा मिति २०३८।९।१३ संख्या ३७ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको कम्पनी दर्ता दस्तूरसम्बन्धी सूचना बमोजिम पूँजीको रकमअनुसार लाग्ने दस्तूर बुझाउनु पर्नेछ । यसरी बुझाउँदा पहिले तिरिसकेको रकमलाई कट्टा गरी नपुग रकमसम्म बुझाउनु पर्नेछ ।"

आज्ञाले,

ईश्वरीलाल श्रेष्ठ

श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।